जि.प्र.का.ल.पु. दर्ता नं.: २७६३/०५१ स.क.प. आबद्धता नं. : २६२८२

"Building Resilient Communities through Solidarity and Collaborative Network"

राष्ट्रिय प्रकोप व्यवस्थापन संजाल, नेपाल

National Disaster Management Network of Nepal (DiMaNN)

**सम्भावित भारी वर्षा, बाढी, पहिरो तथा हिमपातको जोखिम प्रति उच्च सतर्कता अपनाउन रास्टिय प्रकोप व्यवस्थापन संजाल नेपाल ( डिमान) को अपिल**

---

काठमाडौं, असोज ९, २०८३

जल तथा मौसम विज्ञान विभागका अनुसार बंगालको खाडीको पूर्वी भाग अर्थात् उत्तर अण्डमान सागर आसपास विकसित न्यून चापीय मौसमी प्रणालीका कारण असोज ९ गतेदेखि ११ गतेसम्म नेपालका विभिन्न भागमा भारी वर्षा हुन सक्ने तथा त्यसबाट बाढी, पहिरो र उच्च हिमाली क्षेत्रमा हिमपातको जोखिम बढ्न सक्ने अवस्था रहेको छ। विशेषगरी नदी तथा खोलानाला आसपासका क्षेत्र, पहाडी तथा भिराला भूभाग र उच्च हिमाली क्षेत्रमा उच्च सतर्कता आवश्यक देखिन्छ।

केही समयअघि मात्र रसुवा-भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएको र प्रभावित समुदाय अझै कठिन परिस्थितिमा रहेको अवस्थामा पुनः यस्तो जोखिम देखिनु थप चिन्ताको विषय हो। यस संवेदनशील परिस्थितिमा रास्टिय प्रकोप व्यवस्थापन संजाल नेपाल ( डिमान) आम नागरिक, समुदाय, स्थानीय तह, सरकारी निकाय, नागरिक समाज तथा मानवीय संस्थाहरूलाई आवश्यक पूर्वतयारी र सतर्कता अपनाउन हार्दिक अपिल गर्दछ।

**आम नागरिकलाई विशेष अनुरोध**

यस जोखिमको घडीमा कुनै पनि प्रकारको हेलचेक्र्याइँ नगर्न तथा जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय, स्थानीय तह तथा अन्य सम्बन्धित सरकारी निकायबाट जारी हुने आधिकारिक सूचना र पूर्वसूचनालाई मात्र आधार मानी आवश्यक सावधानी अपनाउन डिमान आम सर्वसाधारणमा हार्दिक अनुरोध गर्दछ।

अत्यावश्यक कामबाहेक जोखिमपूर्ण यात्रा तथा हिँडडुल नगर्न, नदी-खोला तथा बाढी-पहिरोको जोखिम भएका स्थानमा नजान, जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेकाहरूले समयमै सुरक्षित स्थानमा जान तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला लगायत संवेदनशील समूहको विशेष सुरक्षा गर्नसमेत अनुरोध गर्दछ।

**सदस्य संस्था तथा नागरिक संघसंस्थालाई आह्वान**

रास्टिय प्रकोप व्यवस्थापन संजाल नेपाल ( डिमान) का सम्पूर्ण सदस्य संस्था, नागरिक संघसंस्था, स्थानीय साझेदार तथा स्वयंसेवकहरूलाई आफ्नो कार्यक्षेत्र र समुदायमा रहेको जोखिमको अवस्थाबारे निरन्तर जानकारी राख्न, समुदायलाई समयमै सुसूचित गर्न तथा स्थानीय तह र सम्बन्धित सरकारी निकायसँग समन्वय गरी आवश्यक मानवीय सहयोगका लागि तयारी अवस्थामा रहन हार्दिक अनुरोध गर्दछ।

सम्भावित विपद्को अवस्थामा स्थानीय सूचना तथा आवश्यकता संकलन, पूर्वसूचना प्रवाह, जोखिममा रहेका परिवारको पहिचान, सुरक्षित स्थानान्तरण, खोज तथा उद्धार, प्राथमिक सहायता तथा आवश्यक मानवीय सहयोगमा सहजीकरण गर्न सबै सरोकारवालाबीच प्रभावकारी समन्वय र सूचना आदान-प्रदान आवश्यक रहेको डिमानको धारणा छ।

विपद्को समयमा अफवाह तथा अपुष्ट सूचना प्रवाह नगर्न र आधिकारिक स्रोतबाट प्राप्त सूचना मात्र सम्प्रेषण गर्नसमेत सबैमा अनुरोध गर्दछौँ।

आवश्यक जानकारी तथा आपतकालीन सहयोग

जल तथा मौसम विज्ञान विभाग - ११५५

नेपाल प्रहरी - १००

सशस्त्र प्रहरी बल - ११४

राष्ट्रिय विपद् प्रतिकार्य समन्वय केन्द्र (NEOC) – ११४९

गृह मन्त्रालय विपद् हेल्पलाइन - १२३४

आपतकालीन अवस्थामा नजिकको स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायसँग तत्काल सम्पर्क गर्नसमेत अनुरोध गर्दछौँ।

विपद्को समयमा सही सूचना, पूर्वतयारी, स्थानीय समन्वय र सामूहिक प्रयासले जीवन बचाउन सक्छ। हालैको रसुवा-भोटेकोशी विपद्बाट प्राप्त सिकाइलाई आत्मसात् गर्दै सम्भावित जोखिमको यस घडीमा सबै पक्षलाई थप जिम्मेवार, सतर्क र सहयोगी भई मानव जीवनको सुरक्षा तथा विपद् जोखिम न्यूनीकरणमा योगदान गर्न डिमान हार्दिक अपिल गर्दछ।

सूर्य बहादुर थापा

अध्यक्ष

विष्णु प्रशाद तिमिल्सिना

महासचिव

रास्टिय प्रकोप व्यवस्थापन संजाल नेपाल ( डिमान) , ललितपुर ।